annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३५३ पृष्ठ ८ | काठमाडौं, मंगलबार १६ वैशाख २०८२ | वैशाख शुक्लपक्ष द्वितीया नेपाल संवत् ११४५ | TUESDAY, APRIL 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# फुटको संघारमा एनआरएनए

गैरआवासीय नेपाली संघ (एनआरएनए) नेतृत्वको प्रतिस्पर्धा, राजनीतिक हस्तक्षेप र व्यक्तिगत स्वार्थका कारण फुटको संघारमा पुगेको छ। सर्वोच्च अदालतका फरक निर्णय, आन्तरिक खिचातानी, र तीन पक्षीय विवाद (केसी समूह, शर्मा समूह, घले समूह) का कारण संस्था विभाजनको संकटमा फसेको छ। वरिष्ठ अभियन्ताहरूले व्यक्तिगत अहम् त्यागेर एकताको अपिल गरेका छन्। संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोसहित अग्रजहरूले मूल मर्म र संस्थागत स्थायित्व जोगाउन सबै पक्षलाई संवाद र मेलमिलापको आह्वान गरेका छन्। समाधानका लागि अक्टोबरमा शेष घलेबाट एकता महाधिवेशन गरे सबै पक्षमा 'विन-विन' हुने अग्रज र शुभचिन्तकहरूको सुझाव छ। परराष्ट्र मन्त्रालयले पनि त्यसै भनेको छ।

समाचार पृष्ठ २

सुरज भण्डारी | अमेरिका
- को रिपोर्ट




## वर्तमानको यथार्थता

१. **विवादको मूल कारण**– नेतृत्वको प्रतिस्पर्धा, राजनीतिक हस्तक्षेप र व्यक्तिगत स्वार्थले एनआरएनए दुई भागमा विभाजित भएको हो।

२. **सर्वोच्च अदालतका फरक आदेश**– अदालतले पहिलो आदेशमा घले नेतृत्वलाई एकता महाधिवेशन गराउन भन्यो, पछि केसी नेतृत्वको वैधता पुन: पुष्टि गर्‍यो। दुवै अदालतका आदेश, कुन मान्ने ? बीचको बाटो खोज्नै पर्ने भयो।

३. **तीन समूह सक्रिय**– केसी नेतृत्वको कार्यसमिति, शर्मा नेतृत्वको विपक्षी समूह, र घले नेतृत्वको एकता समिति अहिले एनआरएनएभित्र अलग-अलग सक्रिय छन्।

४. **राजनीतिक प्रभाव**– केसी पक्ष एमाले निकट र शर्मा पक्ष माओवादी केन्द्रनजिक छन्, जसले संस्थाभित्र ध्रुवीकरण बढाएको छ।

५. **संस्थापकहरूको चिन्ता**– रामप्रताप थापा, देवकाजी डंगोल, रामेश्वर शाहलगायत संस्थापाकले संस्था फुट्नेमा चिन्ता व्यक्त गरेका छन्।

६. **महाधिवेशनको द्वन्द्व**– एक पक्ष (घले समूह) मे ३-५ मा महाधिवेशन गर्न अडानमा छ भने, अर्को पक्ष (केसी समूह) अक्टोबरमा गर्ने पक्षमा छ।

७. **सरकारी पहल**– परराष्ट्र मन्त्रालयले अदालतमा निवेदन दिँदै महाधिवेशन सार्न सुझाव दिएको छ, जसले समस्या समाधानको एउटा आधार बनाउने सम्भावना छ।

८. **फुट रोक्न अग्रजको सुझाव**– सबै पक्षले व्यक्तिगत स्वार्थ र अहम् त्याग्नुपर्ने, र एकतामूलक महाधिवेशनबाट संस्था जोगाउनुपर्ने सुझाव वरिष्ठ नेताहरूले दिएका छन्।

९. **महतोको अपिल**– 'मे महिनाको अधिवेशनले वास्तविक एकता सम्भव नभएकाले म सहभागी हुन्न' भन्दै सबैलाई सहमतिमा अघि बढ्न आह्वान गरेका छन्।

१०. **संस्थाको भविष्यमा खतरा**– यदि अहिलेको विवाद समाधान नगरे सबै पक्ष सहमत नभए, एनआरएनए विभाजित भई यसको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख गम्भीर रूपमा जोखिममा पर्ने निश्चित देखिन्छ।

## नाउपा र जनमतबीच ९ बुँदे सम्झौतासहित पार्टी एकता हुने



**काठमाडौं** (अन्नपूर्ण) : नागरिक उन्मुक्ति पार्टी (नाउपा) र जनमत पार्टीबीच ९ बुँदे सम्झौतासहित पार्टी एकता हुने भएको छ। नागरिक उन्मुक्ति पार्टीको अन्तिम केन्द्रीय समितिको बैठकमा सम्बोधन गर्दै संरक्षक रेशम चौधरीले ९ बुँदे सम्झौतासहित पार्टी एकता हुने जानकारी गराएका हुन्।

उनले विशेष सम्बोधन गर्दै पार्टी एकतापछि पक्कै पनि आफूहरूका लागि अनुकूल अवस्था नरहने बताए। दुई चार झुन्ड मिसिएपछि आफूहरूको कुरामात्र सुनुवाइ नहुन पनि सक्ने उनले नेता-कार्यकर्तालाई सजग गराए।

उनले पार्टी एकतापछि धेरै कुराहरू स्वीकार गर्नुपर्ने बताए। कतिपय निर्णयमा चित्त नबुझ्दा पनि स्वीकार गर्नुपर्ने अवस्था आउनसक्ने उनको भनाइ छ। 'एउटा घरको मान्छे, अर्को घरको मान्छेसँग सम्झौता गरेपछि धेरै कुरा पचाएर अघि बढ्नुपर्छ,' उनले भने। यद्यपि उनले पार्टी एकता फुट्नका लागि नगरिएको बताए।

उनले ९ बुँदे सम्झौतामा पार्टीको नाम, संरचनालगायतका विषयमा भएको खुलाए। संरक्षक चौधरीका अनुसार पार्टीको नाम नागरिक जनमत हुनेछ भने नेता-कार्यकर्ताहरूले 'जय नागरिक' भनेर सम्बोधन गर्ने छन्। त्यस्तै चुनाव चिन्ह ढकिया राख्ने र एकतापछिको ७०० सदस्यीय केन्द्रीय समिति बनाउने सम्झौतामा उल्लेख छ।

त्यस्तै दुवै पार्टीबाट ५०-५० प्रतिशत केन्द्रीय सदस्य समायोजन गरिने र केन्द्रीय कार्यकारिणी समिति ५१ सदस्यीय रहने छ। जसमा दुवै पार्टीबाट २५-२५ र संरक्षक रेशम चौधरी गरी ५१ सदस्यीय रहने निर्णय भएको छ।

त्यस्तै १७ गते पार्टी एकतापछि प्रज्ञा प्रतिष्ठानमै पहिलो संयुक्त केन्द्रीय समितिको बैठक बसेर निर्वाचन आयोगमा पार्टी दर्ता गर्ने निर्णय गरिएको छ। वैशाख १९ गते निर्वाचन आयोगमा पार्टी दर्ता गर्ने निर्णय भएको हो।

# शिक्षक र सरकार वार्ता सकारात्मक

## सहमति नजिक रहेको सरकारको दाबी

सुरेन्द्र काफ्ले | काठमाडौं



सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले आन्दोलनरत शिक्षक र सरकारबीचको वार्ता निष्कर्ष नजिक पुगेको बताएका छन्। मन्त्रिपरिषद्को बैठकपछि मन्त्री गुरुङले महासंघका अध्यक्ष, उपाध्यक्ष र महासचिवसँग शिक्षामन्त्रीको वार्ता सकारात्मक भएको जानकारी पाएको बताए। यद्यपि मन्त्री रघुजी पन्तले आजको वार्ताको जानकारी गराए पनि शिक्षकहरूको आन्दोलनको एजेन्डा आजको क्याबिनेटमा नभएको उनको भनाइ छ।

'मन्त्रीज्यूले वार्ता गर्नुभएको छ केही कुरा निष्कर्षमा पुगेको जस्तो लाग्छ मलाई। मंगलबार वा बुधबारसम्ममा शिक्षकहरूले उठाएका मागबारे सहमति हुन्छ। विद्यालय फर्काउन वातावरण बनाउन सकिन्छ, उनले भने, 'मन्त्रालय र शिक्षक प्रतिनिधिबीचको संवाद जानकारी गराउनुभयो मंगलबारसम्ममा सम्भवत: समाधान हुने अपेक्षा गरिएको छ।'

२८ दिनदेखि शिक्षक आन्दोलनमा छन्। २६औं दिनको दिन आन्दोलनरत शिक्षक र प्रहरीबीच झडप भएको थियो। झडप पत्रकारसहित दुईदर्जन बढी शिक्षक घाइते पनि भएका थिए। शिक्षकहरूले पछिल्लो समय विद्यालय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धतासहित ९ बुँदे प्रस्ताव सरकार समक्ष राखेका छन्।

शिक्षक आन्दोलनकाबीचमा तत्कालीन शिक्षकमन्त्री विद्या भट्टराईले राजीनामा समेत दिएकी छन्। विपक्षी दलका नेताहरूले शिक्षक आन्दोलन उचाल्ने काम पनि गरिरहेका छन्। नेकपा एकीकृत समाजवादीका नेताहरू नेपाल शिक्षक महासंघको २७ दिनदेखि जारी आन्दोलनमा सहभागी भएका छन्। अध्यक्ष माधवकुमार नेपाल, सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेलगायतका नेताहरू शिक्षक आन्दोलनको समर्थन गर्न नयाँबानेश्वर पुगेका थिए। उनीहरूविरुद्ध नाराबाजी भएको थियो। तर, समाजवादीले आफूलाई स्वागत गर्न नाराबाजी गरेका बताएका छन्।

उता नेकपा एमालेले शिक्षक आन्दोलन जटिल र बिचलित हुन थालेको जनाएको छ। सडकमा लागेका कतिपय नारा, अभिव्यक्ति र शैली शैक्षिक कम, राजनीतिक बढी सुनिन थालेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले दाबी गरे। उनले कतिपय शिक्षकले विद्यालय शिक्षा विधेयक नभई सरकार परिवर्तन मुख्य एजेन्डामा लाग्न थालेको बताए।

शिक्षक आन्दोलन क्रमश: जटिल र कतिपय सन्दर्भमा विचलित हुन थालेको देखिँदैछ। सडकमा लागेका कतिपय नारा, अभिव्यक्ति र शैली शैक्षिक कम, राजनीतिक बढी देखिन/सुनिन थालेका छन्।' फेसबुकमार्फत उनले भनेका छन्, 'कतिपय शिक्षक साथीहरूका लागि विद्यालय शिक्षा विधेयक या आफ्ना पेसागत माग होइन, शिक्षामन्त्रीको राजीनामा या सरकार परिवर्तन मुख्य एजेन्डा लाग्न थालेको छ।'

उनले नयाँ संविधान बनेपछि सबैभन्दा धेरै शिक्षा मन्त्रालय माओवादीले पाएको उल्लेख गरे। माओवादीले शिक्षकसँग एउटा सम्झौता गर्ने र विधेयकमा अर्को दफाहरू राख्नाले समस्या भएको उनको भनाइ छ। उनले नयाँ संविधान बनेपछि सबैभन्दा धेरै शिक्षा मन्त्रालय माओवादीले पाएको बताए। माओवादीले शिक्षकसँग एउटा सम्झौता गर्ने र विधेयकमा अर्को दफाहरू राख्नाले समस्या भएको बताए। संसद्मा समेत शिक्षक आन्दोलन विषय बहस भइरहेको छ।

### १९ गते नीति तथा कार्यक्रम प्रस्तुत गर्ने निर्णय

सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पठाउने निर्णय गरेको छ। सञ्चार, सूचना तथा प्रविधिमन्त्री गुरुङले आगामी १९ गते संघीय संसद्को दुवै सदनमा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने निर्णय भएको जानकारी दिए। उनले नेपालको संविधानको धारा ९५ अनुसार संघीय संसद्का दुवै सदनमा सम्बोधनका लागि राष्ट्रपतिलाई आह्वान गर्ने निर्णय भएको बताए।

## पुटिनद्वारा युद्धविरामको घोषणा

**मस्को** (एजेन्सी)। रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले दोस्रो विश्वयुद्धको विजय दिवसको अवसर पारेर मे ८ देखि १० सम्म तीन दिनका लागि आकस्मिक युद्धविरामको घोषणा गरेको क्रेमलिनले सोमबार जनाएको छ।

किएभले पनि यस्तै आदेश जारी गर्ने अपेक्षा गरेको मस्कोले जनाएको छ। साथै, युद्धमा रोक लगाउने कुनै पनि उल्लंघनको जवाफ दिन रूस तयार रहेको पनि रूसी प्रशासनिक केन्द्र क्रेमलिनले जनाएको छ।

पुटिनले इस्टरको अवसरमा युद्ध रोक्न पनि यस्तै आदेश जारी गरेका थिए तर उक्त युद्धविराममा दुवै पक्षले एकअर्कालाई सयौं पटक उल्लंघन गरेको आरोप लगाएका थिए।

'रूसी पक्षले विजय दिवसको ८०औं वार्षिकोत्सवको अवसरमा मे ७ को मध्यरातदेखि मे १० को मध्यरातसम्म युद्धविरामको घोषणा गर्दै छ। यस अवधिमा सबै लडाकु अभियानहरू स्थगित गरिनेछ,' क्रेमलिनले एक विज्ञप्तिमा राष्ट्रपति पुटिनलाई उद्धृत गरी उल्लेख गरेको छ।

'युक्रेनी पक्षले यो उदाहरण पछ्याउनुपर्छ भन्ने रुसको मान्यता छ। यद्यपि, यो अवधिमा युक्रेनी पक्षबाट युद्धविराम उल्लंघन भएमा रुसी सशस्त्र बलले पर्याप्त र प्रभावकारी जवाफ दिनेछ,' विज्ञप्तिमा भनिएको छ। पुटिनले गत महिना युक्रेनले स्वीकार गरेको ३० दिनको पूर्ण र नि:शर्त युद्धविरामको अमेरिकी प्रस्ताव अस्वीकार गरेका थिए।

# एचआईभी संक्रमितलाई उपचारमा बेवास्ता

मनिका झा | जनकपुरधाम




नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक दिएको छ। तर, एचआईभी संक्रमितहरूले नत सम्मानपूर्वक बाँच्न पाइराखेका छन् नत उनीहरूलाई उपचारमै सहुलियत छ। संक्रमित भएको थाहा पाउनबित्तिकै एकातर्फ सामाजिक तिरस्कार भोग्नुपर्ने बाध्यता छ भने अर्कोतर्फ उपचारमा समेत हेला भोग्नु परेको संक्रमितहरू बताउँछन्।

पछिल्लो १८ वर्षदेखि एचआईभी एड्स रोगबाट संक्रमित रहेकी धनुषाको लक्ष्मीनियाकी एक महिलालाई पाठेघरमा संक्रमण भएर शल्यक्रिया गर्नुपर्दा प्रादेशिक अस्पताल जनकपुरका चिकित्सहरूले शल्यक्रिया गर्न मानेनन्। पटक-पटक चिकित्सहरूलाई हारगुहार गर्दा पनि सरकारी अस्पतालमा उपचार गर्न नमानेपछि उनी बाध्य भएर एक निजी अस्पतालको शरणमा पुगिन्।

त्यहाँ चिकित्सकले उनलाई पाठेघरको शल्यक्रिया त गरिदिने तर, त्यसका लागि महँगो शुल्क तिर्न र आफ्नो पहिचान र संक्रमित रहेको कुरा कतै नखोल्न दबाब दिए। रोगले अत्याधिक थला परेकी ती महिलाले शल्यक्रिया गराउनकै लागि गाउँमा भएको चार धुर घडेरी डेढ लाख रुपैयाँमा बन्धक राखिन्।

त्यसपछि निजी अस्पतालको शुल्क तिरेर उनले १८ दिन पहिला पाठेघरको शल्यक्रिया गराएकी छिन्। यो रोगले त मेरो जीवननै बर्बाद गरिदियो। उपचार गराउन जाँदा यस्तो गरी डाक्टरहरूले हेर्छन् जस्तो कि म कुनै भूतप्रेत छु र छुनेबित्तिकै उनीहरूलाई पनि लागि हाल्छु,' आइतबार राष्ट्रिय मानवअधिकार आयोग मधेस प्रदेश कार्यालयले जनकपुरधाममा आयोजना गरेको एचआईभी संक्रमित नागरिकको मानव अधिकारसम्बन्धी नीतिगत व्यवस्था तथा अवस्था विषयक कार्यक्रममा अन्नपूर्णकर्मीसँग भेटेकी ती महिलाले दुखेसो पोख्दै भनिन्, 'बिहे भएको पाँच वर्षमै श्रीमान् यसै रोगबाट बिते त्यसपछि म र मेरो जेठो छोरामा यो रोग सर्‍यो। जुन दिनदेखि म संक्रमित भए त्यो दिन देखिनै जिन्दगी बर्बाद भयो। न कसैले कुनै काम दिन्छ नत गाउँसमाजमा राम्रो नजरले हेर्छ। बाँच्नसमेत गाह्रो भएको छ।'

पछिल्लो २२ वर्षदेखि यस रोगबाट संक्रमित रहेकी जनकपुरकी प्रमिला साहलाई आफ्नो पहिचान लुकाउन मन छैन। तर, पहिचान बताएकै कारण अहिलेसम्म समाजले राम्रो दृष्टिकोण बनाउन नसकेको प्रमिला बताउँछिन्। समाजमा खुलेर आउन थुप्रै संघ-संस्थाहरूले प्रोत्साहित गरे तर, यसरी खुलेर आउँदा मैले सम्मान त पर जाओस् राम्रो व्यवहारसमेत पाउन सकिन्। यो रोग मैले आफैं लगाएको होइन्। मलाई पनि अर्काले नै सारेको हो तर, पनि म नै दोषी छु जस्तो गरी व्यवहार गरिन्छ।'

मधेस प्रदेशमा एचआईभी संक्रमितहरूलाई अझ बढी अपमान र हेला भोग्नु परिरहेको अध्ययनले देखाएको छ। आव २०८०/८१ सम्म २५ हजार ७ सय २८ जनाको यस रोगबाट निधन भइसकेको छ। भने हाम्रो देशमा प्रतिदिन १ जना एचआईभीबाट संक्रमित भइरहेको तथ्यांकले देखाउँछ। नेपालमा एन्टीरेट्रो भाइरल थेरेपी (एआरटी) लिने संक्रमितको संख्या हाल २५ हजार ७२८ छ जसमध्ये सबैभन्दा बढी ६ हजार ७३५ बागमती प्रदेशमा छन्। दोस्रो स्थानमा मधेस प्रदेशमा संक्रमितको संख्या छ। यस प्रदेशमा ४ हजार ३३२ जनाले एआरटी सेवा लिइरहेका छन्।

मधेस प्रदेशमा हाल नयाँ संक्रमितको संख्या जम्मा ५१० छ। जसमध्ये पर्सामा सबैभन्दा बढी १५७ जना र धनुषामा ९९ जना छन्। त्यसैगरी सिरहामा ५९, महोत्तरीमा ४७, सर्लाहीमा ३३, रौतहटमा ४७, बारामा ५३ र सप्तरीमा १६ जना नयाँ संक्रमण छ।

बाँकी पृष्ठ ६